# गुनासो व्यवस्थापन सम्बन्धी सूचना

भूकम्प अति प्रभावित जिल्लाहरुमा पुनर्निर्माण र पुनस्र्थापना सम्बन्धी गुनासाहरु गाउँ विकास समतिको कार्यालय वा नगरपालिका कार्यालयमा दर्ता भएको सन्त्रदभमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पुनर्निर्माण तथा पुनस्र्थापना सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि २०७३ स्वीकृत गरिसकेको छ ।

कार्यविधि अनुसार गाविस वा नगरपालिकामा प्रमुख र वडा सचिवको संयोजकत्वमा, जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा, प्राधिकरणको उपक्षेत्रीय कार्यालय र केन्द्रीय तहमा गुनासो सुनुवाई समिति गठन भई गुनासो सुनुवाई गर्ने काम सुरु भएको छ । त्यसैले सम्बन्धित समितिहरुले सम्बोधन गर्न सक्ने गुनासो स्थानीय तहमा सम्बोधन गर्न र स्थानीय तहबाट सम्बोधन हुन नसकेका गुनासोहरु वर्गीकरण गरी उपक्षेत्रीय एवं केन्द्रीय तहमा पठाउन सम्बन्धित सबैलाई हार्दिक अनुरोध छ ।

**सार्वजनिक हितका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**